पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड १०) पोखरा, असार ३१ गते, २०८३ साल (संख्या ०१

## भाग १

## पोखरा महानगरपालिका विनियोजन ऐन, २०८३

(आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)

**प्रस्तावना**: पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान धारा २२९ को उपधारा २ बमोजिम पोखरा महानगर पालिकाको १९औँ नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: १. यस ऐनको नाम "**पोखरा महानगरपालिकाको विनियोजन ऐन, २०८३**" रहेको छ।

२. यो ऐन २०८३ साल श्रावण १ गतेबाट लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "**आर्थिक वर्ष**" भन्नाले हरेक वर्षको श्रावण महिनाको एक १ गते देखि देखि अर्को वर्ष आषाढ मसान्तसम्मको अवधिलाई सम्झनुपर्दछ।

ख."**महानगरपालिका**" भन्नाले पोखरा महानगरपालिका सम्झनुपर्दछ।

ग. "**विनियोजन**" भन्नाले सभाद्वारा विभिन्न सेवा र कार्यहरुको लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्दछ।

घ. "**संविधान**" भन्नाले नेपालको संविधान सम्झनुपर्दछ।

ङ. "**संचित कोष**" भन्नाले पोखरा महानगरपालिकाको संचित कोष सम्झनुपर्दछ।

च. "**सभा**" भन्नाले पोखरा महानगरपालिकाको नगरसभा सम्झनुपर्दछ।

छ. "**कार्यपालिका**" भन्नाले पोखरा महानगरपालिकाको कार्यपालिका सम्झनुपर्दछ।

३. **आर्थिक वर्ष २०८३।०८४ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार**

१. आर्थिक वर्ष २०८३।०८४ को निमित्त नगर कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा, वडा कार्यालय र अन्य खर्च केन्द्रले गर्ने सेवा र कार्यहरुका निमित्त रु ७,१५,२५,००,०००/- (सात अर्व पन्ध्र करोड पच्चीस लाख रुपैयाँ मात्र) मा नबढाई बजेट तथा कार्यक्रममा उल्लेख भए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ।

२. यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आ.व. २०८३/०८४ को निमित्त पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा, वडा कार्यालय र अन्य खर्च केन्द्रले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

४. **कार्यक्रम कार्यान्वयन** १. स्थानीय संचित कोष व्यवस्थापन प्रणाली क्त्छ मा प्रविष्ट भएका बजेट तथा कार्यक्रम र सोमा थपघट हुने बजेट तथा कार्यक्रम समेत कार्यान्वयन गर्न सम्बन्धित खर्च केन्द्रलाई अख्तियारी हुनेछ।

२. स्थानीय संचित कोष व्यवस्थापन प्रणाली SUTRA मा प्रविष्ट भएका सम्बन्धित खर्च केन्द्रको स्वीकृत बजेट भन्दा बढीको दायित्व सृजना हुने गरी कुनै सम्झौता गर्न पाईने छैन साथै स्थानीय संचित कोष व्यवस्थापन प्रणाली SUTRA मा प्रविष्ट नभएका वा आफ्नो खर्च केन्द्रलाई अख्तियारी नभएका योजना कार्यक्रम सम्झौता र कार्यान्वयन गर्न पाईनेछैन।

३. उपभोक्ता बाट निर्माण कार्य गराउँदा कम्तिमा १० प्रतिशत जनसहभागिता जुटाउनुपर्नेछ।

४. बेरुजु बाँकी रहेका उपभोक्ता समितिलाई बेरुजु फछ्र्यौट् नभई नयाँ योजना सम्झौता गर्न पाईनेछैन।

५. योजना तथा कार्यक्रम चैत्र मसान्त भित्रै सम्झौता हुने गरी खरिद प्रकृया प्रारम्भ गर्नुपर्नेछ र भुक्तानीको लागि असार १५ भित्रै पेश गरिसक्नुपर्नेछ।

६. वार्षिक विकास कार्यक्रममा शुरु विनियोजन रकमको चार गुणा भन्दा बढी दायित्व पर्ने गरी कार्यपालिकाले वहुवर्षिय योजना स्वीकृत गर्न पाउने छैन।

७. योजना सम्झौता गर्नुपूर्व बजेट निकासाको सुनिश्चितता हुनुपर्नेछ।

५. **रकमान्तरः**

१. स्वीकृत बजेटको कुनै एक उपशीर्षकको कुनै एकको खर्च शीर्षकबाट सोही उपशीर्षकको अर्को खर्च शीर्षकमा वा अर्को उपशीर्षकको कुनै खर्च शिर्षकमा कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ तर पूँजीगत कार्यक्रमबाट चालु कार्यक्रममा रकमान्तर गर्न सकिने छैन।

२. उपदफा (क) बमोजिम रकमान्तर गर्दा जुन शीर्षकमा रकमान्तर गर्ने हो सो शिर्षकमा शुरु विनियोजन रकमको २५ प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सकिनेछ।

३. शुरु बजेट विनियोजन नभएको खर्च शिर्षकमा रकमान्तर गर्न पाईनेछैन।

४. विपद् बाहेक बार्षिक विकास कार्यक्रम पुस्तिकामा नभएका कार्यक्रममा रकमान्तर गर्न वा योजना थप गर्न पाइनेछैन।

५. शुरु विनियोजन रकमको २५ प्रतिशत भन्दा बढी रकमान्तर गर्न परेमा वा नयाँ योजना/कार्यक्रम थप गर्न आवश्यक भएमा स्रोत सहितको प्रस्ताव नगरसभामा पेश गर्नुपर्नेछ।

६. **कार्यक्रमको सामान्य संशोधनः** स्वीकृत बजेटको कुनै योजना तथा कार्यक्रमको नाम सामान्य संशोधन, स्थान/वडा संशोधन गर्ने, स्वीकृत बजेटको सीमाभित्र योजना तथा कार्यक्रमको संशोधन गर्ने अधिकार नगरसभाले कार्यपालिकालाई प्रत्यायोजन गर्न सक्नेछ। तर स्वीकृत कार्यक्रमलाई प्रतिस्थापन गरी नयाँ कार्यक्रम ल्याउन पाईनेछैन। स्वीकृत कार्यक्रमको त्रैमासिक विभाजनको संशोधन भने प्रमुख प्रशासकीय अधिकृतबाट हुन सक्नेछ।

७. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिमको रकमान्तर गर्ने तथा कार्यक्रम संशोधन गर्ने अधिकार नगरसभाले कार्यपालिका वा नगर प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।

**प्रमाणिकरण मिति**

२०८३।०३।३१

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**